# राष्ट्रिय लघु वित्त नीति, २०६४

## १. पृष्ठभूमि:

केन्द्रीय तथ्यांक विभागद्वारा गरिएको सन् २००३/०४ को जीवनस्तर निर्धारण सर्भेक्षण अनुसार नेपालमा निरपेक्ष गरिबीको अनुपात ३०.८ प्रतिशत रहेको देखिएबाट नेपालको आर्थिक विकासमा गरिबी मुख्य समस्याको रुपमा रहेको पाइन्छ । यस समस्याको समाधनार्थ निरपेक्ष गरिबीको उल्लिखित अनुपातलाई क्रमशः कम गर्दै लैजान तत्काल एउटा दीर्घकालिन नीतिको खाँचो टडकारो रुपमा महसूस गरिएकोछ । यस्तो नीति अन्तर्गत आवश्यक स्रोतको व्यवस्था एवं स-साना बचतको परिचालन समेत गरी मुख्यतया ग्रामीण तथा विपन्न क्षेत्रमा आय, रोजगार र व्यवसायमूलक कार्यक्रमको संचालनका लागि सो क्षेत्रमा एकातिर कर्जाको पहुँच पुऱ्याउने कार्य गर्न आवश्यक देखिएको छ भने अर्कातिर विपन्न वर्गमा आत्मविश्वासको वातावरण सृजना गरी समग्रमा मुलुकको आर्थिक विकास हुने कार्यनीति अवलम्बन गर्न वान्छनीय हुन आएकोछ ।

## २. विगतको प्रयास

संस्थागत रुपमा विपन्न वर्गमा कर्जा प्रवाह गर्ने कामको थालनी नेपाल राष्ट्र बैंकको निर्देशनमा वाणिज्य बैंकहरुबाट २०३१ साल बैसाखदेखि "साना क्षेत्र कर्जा कार्यक्रम" संगै शुरु भएको हो । बाणिज्य बैंकहरुलाई आफ्नो निक्षेपको निश्चित अंश प्राथमिकताप्राप्त क्षेत्र कृषि, घरेलु उद्योग र सेवा व्यवसाय एवं विपन्न वर्गमा अनिवार्य रुपमा लगानी गर्ने निर्देशन नेपाल राष्ट्र बैंकले दिएपश्चात यस क्षेत्रमा कर्जा प्रवाह हुन थालेको हो । पाँचौं योजनाकाल (२०३२-०३७) देखि कृषि विकास बैंकले साना किसान विकास कार्यक्रमका माध्यमबाट लघु कर्जा प्रवाह गरी विपन्न वर्गलाई वित्तीय सेवा पुऱ्याउने कार्य गरेपछि संस्थागत कर्जा कार्यक्रम क्रमशः अगाडि बढ्दै गएको पाइन्छ । विपन्न वर्गमा कुल कर्जाको ३ प्रतिशत लगानी गर्ने व्यवस्था कायमै राखी हाल प्राथमिकता क्षेत्र कर्जा कार्यक्रम पूर्ण रुपमा हटाइएको हुँदा अब यस्तो क्षेत्रमा लगानी गर्ने विषय वाणिज्य बैंकहरुका लागि स्वेच्छिक भएकोले ग्रामीण क्षेत्रमा जाने संस्थागत कर्जाको आपूर्ति व्यवस्थाका लागि संस्थागत संरचनामा नै सुधार गरी लघु कर्जाको क्षेत्रमा मुलुकको आवश्यकता अनुरुप लघु वित्त नीतिको घोषणा गर्नुपर्ने भएको छ ।

## ३. बर्तमान स्थिति

संस्थागत रुपमा नेपालमा लघु वित्तको क्षेत्रमा वाणिज्य बैंकहरु, ग्रामीण विकास बैंकहरु, निजी क्षेत्रका अन्य लघु वित्त विकास बैंकहरु, ग्रामीण स्वावलम्बन कोष, वित्तीय मध्यस्थताको काम गर्ने गैर-सरकारी संस्थाहरु तथा साना किसान सहकारी संस्था र लघु वित्त सम्बन्धी विभिन्न कार्यक्रमहरु संलग्न रहेका छन् । यिनीहरुको कृयाकलापबाट उल्लेखनिय रुपमा मध्यम तथा सीमान्त एवं विपन्न वर्गका परिवार तथा व्यक्तिहरु लाभान्वित भएका पनि छन् । यसरी वाणिज्य बैंक, विकास बैंक, सहकारी संस्था, गैर-सरकारी निकाय एवं विभिन्न कोष जस्ता संस्थागत कार्यक्रमको माध्यमबाट लघु कर्जा प्रवाहमा बृद्धि भएतापनि यस्ता कर्जा कार्यक्रमहरुको पहुँच विपन्न वर्गसम्म आशातित रुपमा पुग्न नसकेको तथ्य स्पष्टैछ । तसर्थ, स्थानीय स्तरमा वित्तीय साधनको बढ्दो मागलाई दृष्टिगत गरी लघु वित्त सेवाको प्रवाहमा सहजता, सरलता तथा सामञ्जस्यता ल्याई यस क्षेत्रलाई संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा समन्वय, सहजीकरण, प्रबर्द्धन, मापदण्ड निर्धारण, नियमन, अनुगमन सम्बन्धी व्यवस्था तथा संस्थागत संरचनाको विकास गर्नु जरुरी देखिएको छ ।

विपन्न वर्गमा लघु वित्त सेवाको माग तीव्र रहेको वर्तमान परिस्थितीमा त्यस्ता सेवाहरु अपर्याप्त रहेको सन्दर्भमा संस्थागत कर्जाको व्यवस्था गर्न तथा सो कर्जामा विपन्न वर्गको पहुँच बढाउन लघु वित्त सेवाको विस्तार एक भरपर्दो र सर्वसुलभ माध्यम रहेको परिप्रेक्षमा यस सम्बन्धी वर्तमान संरचनात्मक ढाँचा एवं प्रचलित कानुनी व्यवस्था समेत पर्याप्त नदेखिएकोले आवश्यक संरचनात्मक एवं कानूनी व्यवस्था मिलाउन एक राष्ट्रिय लघु वित्त नीति तर्जुमा गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकारद्वारा यो **"राष्ट्रिय लघु वित्त नीति, २०६४"** जारी गरिएको छ ।

## ४. समस्या तथा चुनौति

नेपालमा अझै पनि विपन्न परिवारसम्म माग अनुसारको संस्थागत वित्तीय सेवा पुग्न सकेको छैन । पछिल्लो ग्रामीण कर्जा सर्वेक्षण अनुसार संस्थागत क्षेत्रबाट कुल ग्रामीण क्षेत्रमा माग हुने कर्जाको २० प्रतिशत मात्र आपूर्ति हुने गरेको अनुमान छ । एशियाली विकास बैंकको एक अध्ययन अनुसार नेपालमा ग्रामीण कर्जाको माग तथा आपूर्तिमा वार्षिक करिब १३ अर्ब रुपैयाँको न्यून (Gap) देखिन्छ । यसबाट ग्रामीण क्षेत्रमा कर्जा मागको तुलनामा कर्जा आपूर्तिको व्यवस्था हुन सकेको छैन भन्ने कुरा स्पष्ट देखिएको छ । विगतमा द्वन्द्वका कारण कर्जा प्रदायकहरु विशेषगरी वाणिज्य बैंकहरुबाट प्रवाह हुने सेवा ग्रामीण क्षेत्रबाट सदरमुकाममा संकुचित हुँदै आएका कारण त्यस क्षेत्रमा वित्तीय सेवाको माग र आपूर्तिको खाडल झन् फराकिलो हुँदै गएको छ । सीमान्त तथा विपन्न वर्गलाई लक्षित गरी संचालन गरिएका विभिन्न कर्जा कार्यक्रमहरुसंग सम्बद्ध ग्रामीण बैंकिग पद्धति अवलम्बन गरेका ग्रामीण बैंक, निजी क्षेत्रका लघु वित्त विकास बैंक तथा लघु वित्त संस्थाहरुको वित्तीय सेवाले विपन्न वर्गको सामाजिक, आर्थिक स्तर उकास्न सघाउ पुऱ्याउन सक्दछ भन्ने कुरा प्रमाणित भइसकेकोले त्यस्ता कार्यक्रमलाई भविष्यमा अझ एकीकृत र समन्वयात्मक ढंगबाट प्रभावकारी रुपमा संचालन गर्न सकिएको खण्डमा नेपालको गरिबी कम गर्ने कार्यमा आशातित सफलता प्राप्त गर्न सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।

## ५. नयाँ नीतिको आवश्यकता

देशको आर्थिक अवस्था, भौगोलिक एवं सामाजिक बनावट तथा स्रोत परिचालन गर्न सक्ने क्षमता आदि समेतलाई दृष्टिगत गर्दा लघु वित्त कार्यक्रम मुलुकको निमित्त निकै उपयोगी हुने देखिन्छ । देशको आर्थिक विकासको प्रमुख एजेण्डाको रुपमा रहेको गरीबी निवारणको उद्देश्य परिपूर्तिमा लघु वित्त एक महत्वपूर्ण र प्रभावकारी साधन भएकोले यसलाई गरीबी निवारणको एक सहयोगी उपकरणको रुपमा विकास गर्दै लैजाने वातावरण निर्माण गरी सोही अनुरुप लघु वित्त नीति तर्जुमा हुनु समसामयिक देखिएको छ ।

विकट भौगोलिक क्षेत्र, सामाजिक एवं आर्थिक रुपमा पिछडिएका तथा विपन्न परिवारलाई लघु वित्त सेवाको माध्यमबाट आवश्यक पूँजी, साधन तथा श्रोत उपलब्ध गराई उनीहरुको क्षमताको उपयोग गर्नुका साथै केही गरुँ भन्ने जागरुक उद्यमी एवं शीप भएका व्यक्तिहरुलाई आय आर्जनका अवसर प्रदान गर्नु समयको टडकारो माग भएको छ । स्थानीय स्तरमा गठन भएका स्वस्फूर्त सामुदायिक संस्थाहरुमा रहेको बचत रकमलाई बीज पूँजीको रुपमा उपयोग गर्दै वाह्य श्रोतलाई उचित ढंगबाट परिचालन गरी पूँजी निर्माण गर्ने कार्य संस्थागत रुपमा गर्न नसकिएको विद्यमान अवस्थामा लघु वित्त कार्यक्रमलाई राष्ट्रिय विविधता तथा भौगोलिक एवं सामाजिक अवस्था अनुसार लचिलो रुपले लागू गर्न अत्यावश्यक भइसकेको छ । तसर्थ, विपन्न परिवारको उद्यमशील क्षमतालाई समुचित रुपमा प्रस्फुटित गर्न, उपयुक्त अवसरको सृजना गरी राष्ट्रिय विकासको मूल प्रवाहमा ती परिवारलाई समेट्न तथा सेवाग्राही एवं सेवा-प्रदायक दुवैलाई सहज, समन्वित र व्यवस्थित गराई लघु वित्त सेवालाई एउटै छाता मुनि समेटन आवश्यक संरचनागत एवं कानूनी व्यवस्थाको पूर्वाधार स्वरुप प्रस्तुत नीति तर्जुमा भएकोछ ।

## ६. परिभाषा तथा कार्यक्षेत्र:

लघु वित्त भन्नाले लघु वचत, लघु कर्जा, लघु कर्जा विमा/लघु कर्जा सुरक्षण तथा विप्रेषण जस्ता माध्यमबाट विपन्न वर्गका समुदायलाई स्व-रोजगारका अवसरहरु दिलाई तिनीहरुको उद्यमशीलताको विकास गरी आय आर्जन क्रियाकलापमा सलग्न गराउन सहयोग पुऱ्याउने वित्तीय सेवालाई जनाउँदछ ।

लघु वित्त सम्बन्धि राष्ट्रिय नीतिले माथिका कृयाकलापका अतिरिक्त सामाजिक तथा सामुदायीक सेवा समेतलाई समेट्नेछ । यस नीतिको कार्यान्वयन पछि नेपालको भौगोलिक एवं सामाजिक विविधतालाई संबोधन गर्दै समयानुकूल एवं लचिलो कार्यनीति र कार्यशैली अवलम्वन गर्न सकिनेछ। यस नीतिले सेवाग्राही एवं सेवाप्रदायक दुवैलाई आपसी समझदारी र समन्वयको आधारमा सहकार्य गर्न कानूनी आधार समेत प्रदान गर्नेछ ।

## ७. लक्ष्य

दिगो, सरल एवं पहुँचयोग्य लघु वित्त सेवाका माध्यमबाट गरीबी न्युनिकरणमा सघाउ पुऱ्याउनु **राष्ट्रिय लघु वित्त नीति-२०६४** को लक्ष्य हुनेछ ।

## ८. उद्देश्यहरु

राष्ट्रिय लघु वित्त नीति, २०६४ को लक्ष्य प्राप्तिका लागि देहायका उद्देश्यहरु निर्धारण गरिएको छ :-

८.१ विपन्न र कमजोर आर्थिक स्थिति भएका परिवार र महिला वर्गमा लघु वित्त सेवाको पहुँच बृद्धि गरी आयमूलक र स्वरोजगारमूलक कार्यहरु संचालन गर्ने ।

८.२ लघु वित्त संस्थाहरु मार्फत लघु वित्त सेवालाई भरपर्दो र सर्वसुलभ बनाउने ।

८.३ लघु वित्त सेवा प्रदायक संस्थाहरुलाई दिगो र स्वसक्षम रुपमा स्थापित हुन आवश्यक पर्ने क्षमता विकासमा सहयोग गर्ने ।

८.४ लघु वित्त सम्बन्धी आवश्यक कानूनको तर्जुमा गर्ने ।

८.५ लघु वित्त सेवाको पहुँच वृद्धि तथा यस्तो सेवालाई अनुशासित बनाउन उपयुक्त संस्थागत संयन्त्रको विकास गर्ने ।

## ९. राष्ट्रिय लघु वित्त नीतिः

सामुदायिक संस्था तथा लघु वित्त कारोवारमा संलग्न संस्थाहरुको लघु वित्त सेवामा सहज पहुँच वढाउन र लघु वित्त सेवा विस्तार गर्न लघु वित्त संस्थाहरुबीच स्वस्थ र प्रतिस्पर्धात्मक वातावरण सृजना गरी निजी क्षेत्रलाई समेत यसतर्फ प्रोत्साहित गर्न देहायका लघु वित्त नीतिहरु कार्यान्वयनमा ल्याइनेछ :-

९.१ भौगोलिक एवं ग्रामीण तथा शहरी क्षेत्रको आर्थिक तथा सामाजिक विविधता अनुसार विपन्न समुदायलाई लक्षित गरी लघु वित्त सेवाको प्रवाहलाई सरल बनाउने ।

९.२ लघु वित्त सेवाका सेवाग्राही विपन्न परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी धितो वा विना धितोमा (सामूहिक जमानी) लघु वित्त सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने ।

९.३ लघु वित्त संस्थाहरुको सामाजिक परिचालन एवं सशक्तीकरण, संस्थागत विकास र पुनरसंरचनाका लागि आवश्यक सहयोग उपलब्ध गराउनका साथै यस कार्यमा निजी तथा सार्वजनिक क्षेत्रबाट स्थापित वा स्थापना हुने थोक कर्जा प्रदान गर्ने वित्तीय संस्थाहरुलाई समेत प्रोत्साहित गर्ने ।

९.४ गरीबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई यसै नीतिसंग आवद्ध गरी समन्वयात्मक रुपमा संचालन गर्ने ।

९.५ लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकाय हरु सँग समन्वय गरी लक्षित वर्गको उद्यमशीलता विकास गर्न सहयोग पुर्‍याउने ।

९.६ स्थानिय स्तरमा विद्यमान सामुदायिक संस्था, वचत तथा कर्जा समुह, लघु वित्त कारोवारमा संलग्न संस्थाहरुलाई सहज रुपमा मान्यता प्राप्त गर्ने कानुनी व्यवस्था गरी लघु वित्त सेवा प्रदायक संस्थाहरुसंग सम्बन्ध स्थापित गर्ने व्यवस्था गर्ने ।

९.७ विपन्न वर्गमा लघु वित्त पहुँच वढाउनका साथै त्यस्तो वर्गलाई बचत परिचालनमा सरिक गराउन अभिप्रेरणा जगाउने ।

९.८ दिगो एवं सरल रुपमा लघु वित्त सेवा उपलब्ध गराउन आवश्यक संस्थागत तथा कानूनी व्यवस्था गरी सेवा प्रदायकलाई स्वःअनुशासित वनाई समयानुकूल नियमन, सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकनको व्यवस्था गर्नका लागि नेपाल राष्ट्र बैंकको प्रत्यक्ष निगरानीमा एक छुट्टै निकायको गठन गर्ने ।

९.९ दीर्घकालीन रुपमा लघु वित्त सेवाको सहज आपूर्तिका लागि स्रोत साधन उपलब्ध गराउन **राष्ट्रिय लघु वित्त विकास कोष**को स्थापना गर्ने । साथै लघु वित्त सेवाका लागि विभिन्न स्वदेशी तथा विदेशी निकायबाट प्राप्त हुने श्रोत तथा साधनहरु यस राष्ट्रिय लघु वित्त विकास कोष मार्फत परिचालन गर्ने ।

९.१० विद्यमान सहकारी तथा लघु वित्त संस्थाहरुको संख्या, सेवा प्रवाह तथा पहुँचवारेको जानकारीका लागि आवश्यक सर्भेक्षण गर्ने ।

९.११ लघु वित्तको क्षेत्रमा कार्यरत व्यक्तिहरुको व्यवसायिक क्षमता अभिवृद्धिका लागि लघु वित्त सम्बन्धी तालिमको व्यवस्था मिलाउने ।

९.१२ लघु वित्त संस्थाहरुले पुर्‍याएको सेवा र तिनीहरुको शेयर पूँजीको आधारमा निक्षेप संकलनमा क्रमशः खुकुलो नीति अपनाउदै लगिने ।

९.१३ लघु वित्त संस्थाहरुलाई लाग्दै आएको संस्थागत आयकर तथा विपन्न वर्गद्वारा यी संस्थाहरुमा राखिने निक्षेपबाट प्राप्त हुने व्याजमा लाग्ने व्याजकर सम्बन्धमा लचिलो नीति लिइने ।

## १०. रणनीति तथा कार्यनीति X

## ११. संस्थागत संरचना

लघु वित्त प्रदायक संघ/संस्थाहरुको संस्थागत विकासका लागि समयानुकूल नियमन तथा सुपरिवेक्षण गर्न एक छुट्टै निकायको गठन गरिने छ ।

## १२. आर्थिक पक्ष

नीजि क्षेत्रमा लघु वित्त सेवा प्रदायक संस्थाहरूको स्थापना तथा कार्यक्रमका लागि प्रोत्साहित गरिने छ ।

## १३. कानूनी व्यवस्था

राष्ट्रिय लघु वित्त नीति २०६४ को आधारमा कार्यान्वयनका लागि आवश्यक ऐन नियमहरुको तर्जुमा गरिनेछ ।

## १४. अनुगमन र मूल्याङ्कन

राष्ट्रिय लघु वित्त नीति २०६४ को कार्यान्वयनका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन नेपाल राष्ट्र बैंकले गर्नेछ ।

## १५. जोखिम X

-----o-----

नेपाल राष्ट्र बैंकको आन्तरिक प्रयोजनको लागि

# राष्ट्रिय लघु वित्त नीति २०६४

(नेपाल सरकारबाट २०६५।१।२२ मा जारी गरिएको)

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**लघु वित्त विभाग**
बालुवाटार, काठमाडौं
नेपाल